# एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७६

**बिजयनगर गाउँपालिका**

गाउँकार्यपालिकाको कार्यालय

**पिपरी, कपिलबस्तु**

# बिजयनगर गाउँपालिका , कपिलबस्तु

## एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७६

बिजयनगर गाउँपालिका को बैठकबाट स्वीकृत मिति ........................

**प्रस्तावना :** बिजयनगर गाउँसभाको मिति २०७६/ / गतेको निर्णयानुसार यस क्षेत्रका सर्वसाधारण जनताहरुलाई आधारभुत स्वास्थ्य र सरसफाईमा सेवा पुऱ्याउनको लागि सर्वसुलभ तरिकाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनिय भएकोले, बिजयनगर गाउँपालिकाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ।

**१)** **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा ( व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) **"अध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ।

ख) **"उपाध्यक्ष"** भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

ग) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

ङ) **"गाउँपालिका"** भन्नाले बिजयनगर गाउँपालिका सम्झनुपर्छ।

च) **“विषयगत शाखा”** भन्नाले बिजयनगर गाउँपालिका अन्तरगतको विषगत शाखा, उपशाखा, कायलय वा इकाईलाई सम्झनु पर्छ ।

छ) “वडा सचिव” भन्नाले गाउँपालिकाको १ देखि ७ नम्बर वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव सम्झनु पर्छ ।

३. एम्बुलेन्स सवारी चालक सम्बन्धी व्यवस्था : (१) एम्बुलेन्स सवारी चालकको लागि न्यूनतम योग्यता साधारण लेखपढ र “ख” वर्गको सवारी चालक अनुमती पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(२) एम्बुलेन्स सवारी चालकको नियुक्ति गाउँपालिकाले गर्नेछ ।

(३) यस्तो सवारी चालक नियुक्ति गर्दा स्थानीयलाई ग्राहयता दिइनेछ ।

(४) सवारी चालकको सेवा सुविधा र अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**द्रष्टवय :** यस कार्यविधिको दफा ३ को उपदफा ३ मा सम्बन्धित वडाको स्थानीय व्यक्तिलाई प्रथामिकता दिइनेछ ।

४. **भाडादर :**

(१)एम्बुलेन्स सेवा बापत न्यूनतम भाडादर रु. ४००/– लाग्नेछ तर सुत्केरी व्यथा लागेका महिला को हक मा यस गाउँपालिका क्षेत्र भित्र निशुल्क रुपमा एम्बुलेन्स उपलब्ध गरिनेछ ।

(२) एम्बुलेन्स सेवा बापत न्यूनतम भाडादर रु. ४००/– लाग्नेछ ।

(३) एम्बुलेन्स सेवा बापत प्रति कि.मि. रु. २०/– दरले भाडा लाग्नेछ ।

(४) यदि प्रति कि.मि. भाडादर जोड्दा न्यूनतम भाडादर भन्दा कम भएमा न्यूनतम भाडादर नै लागु हुनेछ ।

(५) एम्बुलेन्स सेवाको भाडादर गाउँपालिकाको निर्णयानुसार थपघट गर्न सकिनेछ ।

५. **विमा :** एम्बुलेन्सको प्रचलित कानून बमोजि नियम अनुसार विमा गर्नु पर्नेछ ।

६. **लगबुक राख्ने :** एम्बुलेन्स सञ्चालन गरेको अनुसूची १ बमोजिम लगबुक भरी राख्नु पर्नेछ ।

७. **अन्य काममा एम्बुलेन्स प्रयोग गर्न नपाईने :** बिरामीको ओसार प्रसारमा बाहेक अन्य कामको लागि एम्बुलेन्स प्रयोग गर्न पाइने छैन ।

८. **आम्दानी र खर्च :** (१) एम्बुलेन्स संचालनमा भएको खर्च र यसबाट प्राप्त आम्दानीको विवरण छुट्टै अभिलेख तयार पार्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन वार्षिक रुपमा गाउँ सभामा पेश गर्नु पर्नेछ ।

९. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समिति :** (१) गाउँपालिकामा निम्नानुसारका एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समिति रहनेछ ।

क) गाउँपालिकाको अध्यक्ष – संयोजक

ख) गाउँपालिकाको प्र.प्र. अधिकृत – सदस्य

ग) गाउँपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना – सदस्य (विषवस्तुको जानकारी भएको भए राम्रो)

घ) सम्बन्धित विषयगत शाखाको शाखा प्रमुख – सदस्य सचिव

१०. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार :** एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) एम्बुलेन्स सेवा सञ्चालनमा आई पर्ने समस्या तथा विवाद सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

ख) एम्बुलेन्सको मर्मत सम्भारमा आवश्यक रेखदेख र निगरानी गर्ने ।

ग) सफलतापूर्वक एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा अन्य कार्यहरु गर्ने ।

घ) कार्यविधि संसोधन सम्बन्धमा गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

११. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया :** (१) एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक भत्ता गाउँ सभाबाट तोकिए बमोजिम हुनेछ ।

१२. **एम्बुलेन्स सवारी चालकले पालना गर्नुपर्ने शर्तहरु :** यस कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेको एम्बुलेन्सको सवारी चालकले देहाय बमोजिमको शर्तहरु अधीनमा रही कार्य गर्नुपर्नेछ ।

क) सवारी चालकले मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाइने छैन ।

ख) कुनै पनि समयमा एम्बुलेन्स सेवा दिन तयार हुनुपर्नेछ ।

ग) एम्बुलेन्सको सरसफाई हेर्नु पर्नेछ ।

घ) एम्बुलेन्सलाई हिफाजत साथ चलाउनु पर्नेछ ।

ङ) एम्बुलेन्स सेवामा सबै सेवाग्राहीलाई समान व्यवहार गर्नु पर्नेछ ।

च) एम्बुलेन्स सवारी चालकको सम्पर्क नम्बर सार्वजनिक गरी एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन सहयोग गर्नु पर्नेछ ।

छ) कुनै पनि समयमा एम्बुलेन्स चलाउन अटेर गर्न पाइने छैन ।

**१३. एम्बुलेन्स चालकको बरखास्ती सम्बन्धमा :** (१) गाउँपालिकाको देहायको अवस्थामा एम्बुलेन्स सवारी चालकको नियुक्ति बदर गर्न सक्नेछ ।

क) समयमा सेवा दिन तयार नभएमा ।

ख) सवारी चलकले पटक पटक मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाएमा,

ग) प्रचलित कानून बमोजिम फौजदारी अभियोग प्रमाणीत भएमा,

(२) उपदफा (१) बमोजिम बरखास्ती गर्नु पर्ने भएमा एम्बुलेन्स चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ ।

१४. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने :** कार्यविधिको अनुसूचीमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको सिफारिसमा गाउँसभाले गर्नेछ ।

१५. **कार्यविधिको व्याख्या तथा संशोधन :** कार्यविधिको संशोधन गर्नु पर्ने भएमा एम्बुलेन्स सेवा समन्वय तथा अनुगम समितिको सिफारिस कार्यपालिकाले गाउँसभामा पेश गरी संशोधन गर्नु पर्ने छ ।

# अनुसूची –१

## एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७६ को दफा ६ सँग सम्बन्धित

## एम्बुलेन्स सेवा सञ्चालन गर्दा भर्नु पर्ने लक बुकको नमूना

| सि.नं. | मिति | गएको समय | पुगेको स्थान | पुगेको समय | फर्कि आएको मिति र समय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची २
## (निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)
## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७६ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गनेए क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ...................................... (नाम) .................................... ठेगाना ................................. ना.प्र.प.नं. ..................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. .......................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ...................................... जिल्ला .................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनार्य सही छाप गरेको छु ।

| | |
|---|---|
| चालकको : | रोहबरमा प्रमाणित गर्ने व्यक्तिको : |
| दस्तखत : | दस्तखत : |
| मिति : | नाम/पद : |
| मिति : | |
| | संस्थाको छाप |

**अनुसूची ३**
**(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत)**
**एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरण को विवरण**

- First aid का सामानहरु
- Oxygen Cylinder, flow meter/mask जडित वा जरुरी परेमा रहन सकिने सवारी साधन
- IV injection दिन सक्ने व्यवस्था
- Stretcher cum board
- Stethocope, BP apparatus, Torch light
- Driver with basic traning in first aid and emergency medicine.